म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ८१ विहीबार १७ कात्तिक २०७९ ने. सं. ११४३ कौलागा 3 November, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**चाडवाडको समयमा खानपानमा ध्यान दिऔ**

☞ मासु, धेरै चिल्लो तथा गुलियो भएको खानेकुरा आवश्यकताभन्दा बढी उपभोग नगरौं ।
☞ खानेकुराहरु सुरक्षित राखेर मात्र उपभोग गरौं ।
☞ बासी, सडेगलेको र गन्हाएको खानेकुरा उपभोग नगरौं ।
☞ मासु तथा धेरै चिल्लो भएको खानेकुरा खाँदा सन्तुलन मिलाएर उपभोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# मकवानपुरमा साना दल र स्वतन्त्रको शक्ति कति ?

साझाकुरा संवाददाता

हेटौंडा, १६ कात्तिक/ मकवानपुरमा आगामी ४ मंसिरमा हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि ठूलादेखि साना दल र स्वतन्त्र उम्मेदवारहरु मतदाताको घरदैलोमा पुगिरहेका छन् ।

आ-आफ्नो निर्वाचन क्षेत्रमा उम्मेदवारहरु मतदाता रिझाउन व्यस्त भइरहेका छन् । ठूला दलहरु निर्वाचन परिचालन र प्रचारप्रसार कार्यालय उद्घाटनसँगै पार्टीका नेता, कार्यकर्ता र मतदातालाई भेटेर फकाइरहेका छन् । साना दल र स्वतन्त्र उम्मेदवारहरु भने मतदाताहरुको घरघर र खेतबारी सम्मै पुगेका छन् । मकवानपुरमा दुई वटा प्रतिनिधिसभा र ४ वटा प्रदेशसभा निर्वाचन क्षेत्र छन् । जसमा ठूला दलमध्ये नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र र नेकपा (एकीकृत समाजवादी)बीचको गठबन्धनका साझा उम्मेदवार, एमाले, राप्रपाका उम्मेदवार मैदानमा छन् । निर्वाचनमा ठूला दलका उम्मेदवारबिरुद्ध हालै स्थापना भएको राष्ट्रिय स्वतन्त्र पार्टीदेखि स्वतन्त्र उम्मेदवारहरु मैदानमा छन् ।




मकवानपुरमा ६९ जनाले उम्मेदवारी दर्ता गराएका हुन् । दुई प्रतिनिधिसभा र चार प्रदेशसभा क्षेत्रका लागि दल र स्वतन्त्रबाट ६९ उम्मेदवारी परेको निर्वाचन कार्यालयले जनाएको छ । जसमा प्रतिनिधिसभाका लागि २६ र प्रदेशसभाका लागि ४३ जना मैदानमा छन् । प्रतिनिधिसभातर्फ क्षेत्र नम्बर १ मा २ जना स्वतन्त्रसहित १६ जना र क्षेत्र नम्बर २ मा एक जना स्वतन्त्रसहित १० जनाले उम्मेदवारी दर्ता गराएका छन् । क्षेत्र नम्बर १ मा स्वतन्त्रबाट स्वतन्त्रबाट सुभाष पौडेल, आइतराम तामाङसहित साना दल राष्ट्रिय स्वतन्त्र पार्टीबाट टाकाराज थापा (सुरेश), मौलिक जरोकिलो पार्टीबाट संगीन श्रेष्ठ, नेपाली कांग्रेस (बीपी)बाट सुरेन्द्र भट्टराई, मंगोल नेशनल अर्गनाइजेशनबाट युवराज लामा, सचेत नेपाली पार्टीबाट पञ्चलाल तामाङ, मालेबाट कृष्णप्रसाद दाहाल, लोकतान्त्रिक समाजवादी पार्टीबाट रुपक लामा, नेमकिपाबाट शान्तलाल भैल, हाम्रो नेपाली पार्टीबाट दीपेन्द्रचन्द ठकुरी, जनता समाजवादी पार्टीबाट ईन्द्रमान थिङ, जन समाजवादी पार्टीबाट मनबहादुर दाहालले उम्मेदवारी दर्ता गराए ।

उनीहरुले प्रत्यक्षतर्फ सत्ता गठबन्धनबाट नेपाली कांग्रेसकी केन्द्रीय सहमहामन्त्री महालक्ष्मी उपाध्याय 'डीना', एमालेको समर्थनमा 'सूर्य' चिन्हबाट राप्रपा नेपालका अध्यक्ष कमल थापा, राप्रपाका केन्द्रीय सदस्य दीपकबहादुर सिंहसँग प्रतिस्पर्धा गर्नेछन् । १ नम्बर क्षेत्रमा डीना, थापा र सिंहको रोचक प्रतिस्पर्धा हुने देखिन्छ । यसैगरी, क्षेत्र नम्बर २ मा स्वतन्त्रबाट प्रदीप कालाखेतीसहित साना दल राष्ट्रिय स्वतन्त्र पार्टीबाट भरत पराजुली, (नेमकिपा)बाट रत्नप्रसाद प्रजापति, मंगोल नेशनल अर्गनाइजेशनबाट जीवन स्याङ्तान, सचेत नेपाली पार्टीबाट कुलेन्द्रदीप विक्रम न्यौपाने, मालेबाट उद्धव प्रसाद अधिकारी, नेकपा नेशनलिष्ट पिपल्स पार्टीबाट तुलाबहादुर लामाले उम्मेदवारी दिएका छन् ।

उनीहरुले २ नम्बर क्षेत्रमा सत्ता गठबन्धनबाट एकीकृत समाजवादीका बिरोध खतिवडा, एमालेका महेश बर्तौला राप्रपाका राजन मैनालीसँग प्रतिस्पर्धा गर्नेछन् । २ नम्बर क्षेत्रको निर्वाचनमा खतिवडा, बर्तौला र राष्ट्रिय स्वतन्त्र पार्टीका पराजुलीबीच कडा प्रतिस्पर्धा हुने देखिन्छ । प्रतिनिधिसभामा मात्र नभई प्रदेशसभा निर्वाचनमा पनि ठूला दलका उम्मेदवारबिरुद्ध साना दल र स्वतन्त्रहरु खडा भएका छन् । मतदाताको घरमा पुगेर उनीहरुले ठूला दलका उम्मेदवारहरुका नकारात्मक टिप्पणी धेरै गरेको पाइएको छ । एजेण्डाविहीन साना दल र स्वतन्त्र उम्मेदवारहरुले पनि ठूला दलका उम्मेदवार जस्तै एकअर्काको विरोध गर्ने परिपाटीलाई निरन्तरता दिएको देखिन्छ ।

स्वतन्त्र उम्मेदवारी दिएका केहीमात्रै निर्वाचनको तीव्र तयारीमा छन् भने केही गुमनाम छन् । कतिपयले नामकै लागि मात्रै उम्मेदवारी दर्ता गराएको राजनीतिक वृतमा चर्चा छ । मकवानपुर यस्तो जिल्ला हो, जहाँ २०४६ सालको बहुदलपछि भएका पाँच वटा निर्वाचनमा कम्युनिष्टका उम्मेदवारहरु मात्रै बिजयी भए । २०७० को संविधानसभा सदस्य निर्वाचनमा भने नेपाली कांग्रेसले मकवानपुरमा खाता खोलेको थियो । अधिकांश निर्वाचनमा एमाले उम्मेदवार बिजयी भए । २०६४ मा भएको संविधानसभा निर्वाचनमा कम्युनिष्ट पार्टी माओवादी केन्द्रका उम्मेदवारहरु निर्वाचित भए ।

यसरी, ठूला दलहरुले चुनाव जित्दै आएको मकवानपुरमा ठूला दलका उम्मेदवारबिरुद्ध करिब दर्जनको संख्यामा साना दल र स्वतन्त्र उम्मेदवारहरु खडा भएका हुन् । जसमध्ये साना दल र स्वतन्त्रहरुको शक्तिको यथार्थ स्थिति छैन । तर, राजनीतिक वृतमा भएका अध्ययन र बहसलाई आधार मान्दा ठूला दलका उम्मेदवारअगाडि साना दल र स्वतन्त्र उम्मेदवारहरु शक्तिहीन छन् । बहुदलपछि मकवानपुरमा साना दल र स्वतन्त्र उम्मेदवारहरुले निर्वाचन जितेको रेकर्ड छैन । जसकारण पनि उनीहरुको शक्ति कमजोर देखिन्छ ।

तर, राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार सुरेश थापा र भरत पराजुली यसलाई अस्वीकार गर्छन् । पराजुलीले २ नम्बर क्षेत्रमा आफ्नो जीत पक्का रहेको बताए । रवि लामिछाने नेतृत्वको पार्टीपछि जनताले धेरै विश्वास गरेको र आफू लामो समयदेखि २ नम्बर क्षेत्रकै सामाजिक कार्यमा सक्रिय भइरहेको भन्दै निर्वाचन जित्न अप्ठेरो नभएको बताए । १ नम्बर क्षेत्रका उम्मेदवार थापाले पनि जनताले परिवर्तन चाहेको बताए । १ नम्बर क्षेत्रका जनताले धेरै पटक ठूला दललाई हेरेको भन्दै आगामी निर्वाचनबाट परिवर्तन खोजेको पाइएको उनले बताए । आ-आफ्नो निर्वाचन क्षेत्रमा उपस्थिति कमजोर नभएको थापा र पराजुलीको दाबी छ ।

## जनताको समस्या समाधानको पहल गरिन्छ: *बानियाँ*



हेटौंडा, १६ कात्तिक/ मकवानपुर प्रतिनिधिसभा क्षेत्र नम्वर २ प्रदेशसभा ख मा लोकतान्त्रिक बाम गठबन्धनका उम्मेदवार ईन्द्रबहादुर बानियाँले आमजनताको समस्याको पहिचान गरी क्रमैसंग समाधानको पहल गरिने बताएका छन् ।

हेटौंडा-३ मा बुधबार आयोजित अगुवा कार्यकर्ता भेला तथा गठबन्धनको चुनावी प्रचारप्रसार कार्यालय उद्घाटन समारोहलाई सम्बोधन गर्दै नेता बानियाँले यस्तो बताएका हुन् । उनले बिगतमा जनताको बीचमा गरेको प्रतिवद्धता पूरा गरिएको दाबी गर्दै जनताको बीचमा गरेको प्रतिवद्धता पूरा गरेर देखाउने बताए । 'गरिब जनता गाँस, बास र कपासको अभावमा पीडामा छन् । यहाँ रेल, पानी जहाज र घरघरमा ग्याँसको पाइप जडान गर्ने हावादारी आश्वासन बाँडिएको छ । हामी गर्न सक्नेमात्रै बोल्छौं, बोलेको कुरा गरेर देखाउँछौं ।' उनले भने । उनले एमाले अध्यक्ष केपी ओलीले संविधान र संघीय लोकतान्त्रिक गणतन्त्र मासेर राजतन्त्र ब्यूताउँन खोजको अरोपसमेत लगाए । नेता बानियाँले मकवानपुरमा आन्तरिक विमानस्थल बनाउने, संघीय राजधानी काठमाडौं र प्रदेश राजधानी हेटौंडासहित प्रदेशको १३ वटै जिल्ला जोड्ने प्रदेश चक्रपथ बनाउने, जनताको अवस्था परिवर्तन गर्ने, विकास र समृद्धितर्फ देशलाई लैजाने योजना सार्वजनिक गरे । गठबन्धन हेटौंडा-३ का प्रचारप्रसार संयोजक रोशन गोले तामाङको सभाध्यक्षतामा भएको कार्यक्रममा कांग्रेसका संघीय सभापति लोकबहादुर मोक्तान, महासमिति सदस्य टेक शिवाकोटी, माओवादी केन्द्रका जिल्ला सदस्य रुपेश बर्तौला, संघीय उम्मेदबार विरोध खतिवडालगायतले मन्तव्य व्यक्त गरेका थिए ।

# भैरबडाँडामा आतंक मच्चाएको बाघ समात्न क्यामेरा जडान

साझाकुरा संवाददाता

हेटौंडा, १६ कात्तिक/ हेटौंडा उपमहानगरपालिका-१, स्थित भैरबडाँडामा विगत तीन दिनदेखि आतङ्क मच्चाइरहेको पाटेबाघ र दुई वटा बच्चा (डमरु) समात्न स्वचालित क्यामेरा जडान गरिएको छ ।



क्यामरा ट्रयापिङ फिट गर्दै राष्ट्रिय प्रकृति संरक्षण कोषका प्राविधिक रमेश दराईसहितको टोली । *तस्वीर: साझाकुरा*

१ नम्बर वडा कार्यालयको पहलमा राष्ट्रिय प्रकृति संरक्षण कोष चितवन, डिभिजन वन राप्ति र सब डिभिजन वन सान्नानीटारले बुधबार बाघ डुलिरहेको वन क्षेत्रमा चारवटा क्यामेरा जडान गरेको छ । २ वटा क्यामेरा भैरव सामुदायिक वनमा र २ वटा क्यामेरा डाङडुङे सामुदायिक वनमा राखिएको हेटौंडा-१ का वडा अध्यक्ष तथा उपमहानगरका प्रवक्ता सविन न्यौपानेले जानकारी दिए । न्यौपानेसहितको टोलीले बुधवार दिउसो दुबै वन क्षेत्रमा बाघको खोजी गरेको थियो । खोजी गर्दा बाघ नभेटिएपछि राष्ट्रिय प्रकृति संरक्षण कोषका प्राविधिक रमेश दराईले क्यामेरा जडान गरेका छन् ।

दराईका अनुसार हालसम्म बाघको खोजीमा प्रयोग गरिएको 'क्यामेरा ट्रयापिङ' विधिले शत्प्रतिशत नतिजा दिएको छ । क्यामेराको सहायताबाट बाघ भेटिने दराईले विश्वास दिलाएका छन् । क्यामेराको सहायताबाट बाघको बासस्थान पत्ता लगाई कोषका प्राविधिकहरुले सुरक्षितसँग बाघलाई नियन्त्रणमा लिने योजना बनाएका छन् । बाघ भेटिए चितवन राष्ट्रिय निकुञ्जमा लगेर छोडिने जनाइएको छ । पाटे बाघलाई विश्व सम्पदा सूचीमा राखेर संरक्षण गरिँदै आएको छ । भैरबडाँडाका स्थानीयले जितसक्दो छिटो बाघलाई नियन्त्रणमा लिइदिन अपिल गरेका छन् । स्थानीय विनोद सापकोटाका अनुसार बाघको आतङ्कले तीन दिनदेखि भैरब डाँडाबासी त्रासमा बाँचिरहेका छन् ।

भैरबडाँडामा रहेको अस्थायी प्रहरी पोष्टमा खटिएका प्रहरीले पनि बाघ देखिएको पुष्टि गरेका छन् । मंगलबार साँझ पोष्टनजिकैबाट बाघ वनक्षेत्रमा पसेको स्थानीयहरुले बताए । बाघले यसअघि रुपा तिमल्सिनाको दुई बाख्रा र एकतारे सामुदायिक वनभित्र अर्का एक जना स्थानीयको गोठमा बाँधिरहेको गाई मारेको छ । बाघले गाईलाई गोठबाटै लगेको सापकोटाले बताए । स्थानीयहरुको समूहले गाईलाई मृत अवस्थामा वन क्षेत्रमा फेला परेका थिए । बाघ साँझ परेपछि भैरबडाँडास्थित वस्ती क्षेत्रमा प्रवेश गर्ने गरेको स्थानीय सापकोटाले जानकारी दिए । 'दिनभरि बाघ वन क्षेत्रमै जाँदो रहेछ । साँझ परेपछि वस्तीमा आउँछ । तीन दिनदेखि लगातार रातिको समयमा बाघलाई घरनजिकै देखेका छौं,' उनले भने । भैरबडाँडाबासी साँझ ६ बजेपछि घरमा ढोका लगाएर बस्न बाध्य भएको सापकोटा बताउँछन् । बाघले हालसम्म मानवीय क्षति भने नपुऱ्याएको उनको भनाइ छ ।

आइतबार बाघले आतङ्क मच्चाउन सुरु गरेपछि भैरबडाँडाबासीले सामूहिकरुपमा रातभर गाउँमा गस्ती गरेको सापकोटाले बताए । स्थानीयले बाघ नियन्त्रणमा लिइदिन जिल्ला वन कार्यालय मकवानपुरलाई खबर गरेका थिए । वनको टोलीले सोमबार बिहानदेखि गाउँमा खोजी गर्दा पनि बाघ नभेटिएको उनले सुनाए । 'पाटेबाघ नै हो । मेरो आँखाले प्रत्यक्ष देखेको हो । यो बाघलाई तत्काल नियन्त्रणमा नलिए थप क्षति नहोला भन्न सकिन्नँ', उनी भन्छन् । हेटौंडा-१, स्थित पाथिभरा मन्दिरनजिक रहेको डाङडुङे सामुदायिक वनमा पाटे बाघ घुमिरहेको स्थानीयहरुले बताएका छन् ।

डाङडुङे सामुदायिक वनमा स्थानीयहरु घाँस, दाउरा गर्न आउने भएकाले थप खतरा बढेको छ । बाघ हिँडडुल गरिरहेको खबर पछि घाँस, दाउरा गर्न स्थानीयहरु वन जान छोडेको जनाइएको छ । बाघ विगतका वर्षमा पनि देखिने गरेको उनले बताए । सौराहबाट बाघ बस्तीसम्म आइपुगेको स्थानीयहरुको अनुमान छ । चितवनको सौराहदेखि हेटौंडासम्मै जंगल क्षेत्र रहेको छ । वडा कार्यालयले बाघदेखि सुरक्षित रहन स्थानीयहरुलाई आग्रह गरेको वडाध्यक्ष न्यौपानेले बताए । संरक्षित बाघलाई कुनै क्षति गर्न नदिई नियन्त्रणमा लिने काम भइरहेको उनको भनाइ छ । बाघलाई क्षति गर्न नदिन स्थानीयहरु नै सुरक्षित तवरबाट बस्नुको विकल्प नरहेको उनी बताउँछन् ।

# पत्रकार महासंघको साधारणसभा स्थगित




हेटौंडा, १६ कात्तिक/ नेपाल पत्रकार महासंघ मकवानपुरको १७ औं साधारणसभा स्थगित गरिएको छ ।

महासंघ मकवानपुरका पूर्वअध्यक्ष कौशल पाण्डेको निधन भएकोमा महासंघले शोक व्यक्त गर्दै निर्धारित कार्यक्रमहरु स्थगित गर्ने निर्णय गरेको हो । महासंघको साधारण सभा कात्तिक १९ गतेलाई तोकिएको थियो । महासंघ मकवानपुरको बुधबार आयोजित कार्यसमिति बैठकले पूर्वअध्यक्ष पाण्डेको निधनमा शोक प्रस्ताव पारित गर्दै १९ गतेको साधारणसभा २५ गतेसम्मलाई स्थगित गर्ने निर्णय गरेको महासंघ मकवानपुरका अध्यक्ष मणिराज गौतमले जानकारी दिए । शोकको कारण कात्तिक २१ गतेलाई निर्धारण गरिएको एड्भान्स पत्रकारिता तालिमसमेत स्थगित गरिएको गौतमले बताए । पाण्डेको निधनको शोकमा महासंघ मकवानपुरले बुधबार श्रद्धाञ्जली सभासमेत आयोजना गरेको छ ।

महासंघ मकवानपुरका अध्यक्ष मणिराज गौतमको अध्यक्षतामा भएको श्रद्धाञ्जलीसभामा पत्रकार महासंघका केन्द्रीय सदस्य सुनिल खड्का, महासंघ बागमती प्रदेशका निवर्तमान अध्यक्ष प्रताप विष्ट र नवराज शर्माले पाण्डेको व्यक्तित्व र पत्रकारितामा गरेको योगदानको चर्चा गरेका थिए । कार्यक्रममा पत्रकार महासंघ बागमती प्रदेशका उपाध्यक्ष रुपेश दुलाल, महासचिव कृष्ण सारुमगर, नेपाल पत्रकार महासंघ मकवानपुरका निवर्तमान अध्यक्ष हरि हुमागाई, प्रेस चौतारी नेपालका बागमती प्रदेश महासचिव प्रकाश दाहाल, स्वतन्त्र पत्रकार संघका केन्द्रीय सचिव सुरेश श्रेष्ठ, प्रेस सेन्टर नेपाल मकवानपुरकी अध्यक्ष अन्जली थापा, प्रेस युनियन मकवानपुरका अध्यक्ष पोष्टराज अधिकारी (कुमार), स्वतन्त्र पत्रकार संघ मकवानपुरका अध्यक्ष गोकुल अधिकारीलगायतको उपस्थिति रहेको थियो ।

महासंघ मकवानपुरका पूर्वअध्यक्ष पाण्डेको ७५ वर्षको उमेरमा गत कात्तिक १० गते निधन भएको थियो । महासंघको नेतृत्वमा बुधबार नै पाण्डेको परिवारलाई भेट गरी समवेदना प्रकट गरेको छ ।

# जनताको अवस्था बदल्नु मेरो मुख्य कार्यभार: *पुलामी*

हेटौंडा, १६ कात्तिक/ आसन्न प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको लागि मकवानपुर क्षेत्र नम्बर १ को (क) बाट सत्ता गठबन्धनका साझा उम्मेदवार प्रेम बहादुर पुलामी (छिन्तु)ले व्यवस्थामा टेकेर जनताको अवस्था बदल्नु आफ्नो मुख्य कार्यभार भएको बताएका छन् ।



उनले बुधबार बागमती गाउँपालिका ८ साततलेका मतदातालाई भेट्ने क्रममा यस्तो बताएका हुन् । छिन्तुले आफूले प्रदेशसभा सदस्य बन्दै जनताको अवस्था बदलनको लागि जनताबाट अनुमोदन हुन दोहोरिएर उम्मेदवारी दिएको बताए । जनताको लागि जनताले नै शासन गर्ने व्यवस्था बदलनको लागि जनयुद्ध र जनआन्दोलन हुँदै २०६४ को निर्वाचनसम्म आइपुग्दा राज्य व्यवस्था बदल्न उम्मेदवारी दिएको र सोहीअनुसार कार्य सम्पन्न गरिएको र अब उक्त व्यवस्थालाई संस्थागत गर्नको लागि आफूले उम्मेदवारी दिएको बताए । अहिले भने व्यवस्थामा टेकेर जनताको अवस्था बदल्नु आफ्नो मुख्य कार्यभार भएको उनले बताए । जनताले व्यवस्था बदलनको लागि शरीरमा घाउ, छर्रा, चोट बोकेर भोको पेटसमेत हिँडेर ल्याएको बलिदानीबाट प्राप्त व्यवस्थाको कारण समाज जातीय र वर्गीय विभेद अन्त्यको जग बसेको उको भनाइ छ । बागमती गाउँपालिका वडा नम्बर ८ की गठबन्धन संयोजक बिष्णुमाया तिमल्सिना, नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्यहरु विजय गौतम, प्रमिला पुलामी लामा, बागमती प्रदेश सदस्य जीवन गोले, नेपाली काँग्रेसका लोकतान्त्रिक बाम गठबन्धन निर्वाचन परिचालन समिति मकवानपुर निर्वाचन क्षेत्र नम्बर १ का संयोजक दामोदर खनाललगायतको आतिथ्य रहेको कार्यक्रम लोकतान्त्रिक बाम गठबन्धन बागमती गाउँपालिका ८ नम्बर वडा संयोजक विष्णुमाया तिमल्सिनाको अध्यक्षतामा भएको थियो ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

**सेवाहरु:**
☞ कार वास भित्र/बाहिर
☞ वाइरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# बालविवाहमुक्त बनाउन लागौं

विवाह गर्ने वा नगर्ने भन्ने प्रत्येक व्यक्तिको नैसर्गिक अधिकार हो । मानवअधिकारको दृष्टिकोणबाट आफूले रोजेको व्यक्तिसँग विवाह गर्न पाउने र आफ्नो भविष्यको मार्गचित्र तय गर्ने प्रत्येक नागरिकको हक अधिकार सुनिश्चित हुनुपर्दछ । यसका लागि प्राय: सबै मुलुकहरूले विवाहको लागि न्यूनतम उमेर तोकेका हुन्छन् । नेपालको मुलुकी ऐनमा विवाहको लागि कानुनी उमेर २० वर्ष तोकिएको छ । नेपालको संवैधानिक इतिहासमा हालै मात्र जारी भएको नेपालको संविधानले बालविवाहलाई पहिलोपटक बालअधिकार हनन्को विषयको रूपमा उल्लेख गरी दण्डनीय अपराधको रूपमा स्वीकार गरेको छ । बालविवाह उच्च रहेको मुलुकहरूमध्ये नेपाल अग्रपंक्तिमा रहेको छ ।

दक्षिण एशियामा बंगलादेश र भारतपछि नेपाल तेस्रो स्थानमा पर्दछ । बालकको तुलनामा संख्यात्मकरूपमा बढी बालिकाको विवाह १८ वर्ष नपुग्दै हुने गरेको अध्ययनबाट देखिएको छ । यसो हुनुमा महिलाभन्दा पुरुषको उमेर सामान्यतया बढी हुनुपर्ने सामाजिक एवम् साँस्कृतिक मान्यता, लैंगिक विभेद, गरिबी, अशिक्षा, असुरक्षा जस्ता कारणहरू प्रमुख रूपमा देखिएका छन् । बालविवाहले बालबालिकाहरूलाई आधारभूत अधिकारबाट वञ्चितमात्र गराउँदैन आफ्नो भविष्यको छनौट गर्ने अधिकार तथा सो सम्बन्धमा निर्णय लिने प्रक्रियामा सहभागी हुने अवसरबाट पनि वञ्चित हुन्छन् । विशेष गरी बालिका र महिलाको सन्दर्भमा बालविवाहले एउटामात्रै अधिकारको उल्लङ्घन नगरी उनीहरूको जीवनचक्रमा थुप्रै अधिकार उल्लङ्घनको श्रृङ्खला सिर्जना गरी थप हिंसाको कुचक्रमा पर्ने अवस्था रहन्छ ।

बालबिवाहको कारण वैवाहिक जीवन दीगो नहुने, परिपक्व नभइ सन्तान जन्माउँदा स्वास्थ्यसम्बन्धी विभिन्न समस्याहरू देखिने, लैंगिक हिंसा, यौनजन्य हिंसा, बालश्रम, बेचबिखन जस्ता थप हिंसाहरूले बालिका र महिलाहरू थप पीडित हुन पुग्दछन् । कालान्तरमा समाज विकास प्रक्रियामा महिलाहरूको भूमिका र सहभागितालाई न्यून बनाइ सभ्य, सु-संस्कृत एवम् समतामूलक समाज निर्माण गर्न बालविवाह बाधक तत्व बन्न पुग्दछ । त्यसैले बालविवाहमुक्त समाज बनाउन सबै एकजुट भएर लाग्नुको विकल्प छैन ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ कात्तिक १८ गते शुक्रबार ०४ नोभेम्बर २०२२ । कात्तिक शुक्लपक्ष एकादशी । कछलाथ्व ११४३ ने.सं. । सूर्योदय ६:१७, सूर्यास्त ५:१६ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : जोस एवम् जांगर बढ्ने | तुला | : रोग एवम् चिन्ता बढ्ने |
| वृष | : प्रयासहरु फलदायी हुने | वृश्चिक | : व्यवसायबाट लाभ पाइने |
| मिथुन | : मान मर्यादामा वृद्धि | धनु | : जिम्मेवारी पूरा गर्न सकिने |
| कर्कट | : लेनदेनको विवाद बढ्ने | मकर | : गलत विचार बढ्ने |
| सिंह | : स्वास्थ्यमा सुधार हुने | कुम्भ | : काममा अबरोध आउने |
| कन्या | : अध्ययनमा प्रगति हुने | मीन | : अधुरा काम पूरा हुने |

# माटो नबुझेका दलको घोषणापत्रमा खाना र खेतीपाती



डा. कृष्णप्रसाद पौडेल

फेरि पनि, पार्टी र उम्मेदवारले सदाझैं नेपाली समाज उन्नत बनाउने दृष्टिकोण विनै शब्दजालको खेतीबाट देश विकासको खिचडी पकाउने घोषणापत्र नामका रेसिपी अर्थात् ग्यारेन्टीपत्र सार्वजनिक गरेका छन् । हुनत, यी रंगीन सपनाले सजिएका नेपाली किसानले किनेर लगाउन बाध्य भएका बीउ जस्तै नउम्रने घोषणा हुन् । यो घोषणा गर्नेलाई समेत विश्वास छैन । त्यसैले त यसको ग्यारेन्टी गर्न परेको छ । यस्ता घोषणाको सबै पक्ष चिरफार गर्ने यो पंक्तिकारको चाख र जाँगर छैन । तसर्थ खाना र खेतीपातीबार ेयसको चर्चासम्म गर्ने जमर्को गरेको छु ।

धेरै पार्टीका घोषणापत्रमा कृषि विकासका रंगीन सपना लेख्नेहरूले नेपाली भूगोल र समाजको विशेषता, बदलिंदो आर्थिक-सामाजिक परिवेश, कृषि क्षेत्रमा परिरहेको भूमण्डलीकरण, क्षेत्रीय भूराजनीतिक प्रभाव र यिनको कृषि क्षेत्रमा पर्ने भविष्यको सम्भाव्य जोखिमको आकलन गरी गर्नुपर्ने दृष्टिबोध र रणनीतिक मार्गचित्रबारे छेउटुप्पोको भेउ नै नपाएको देखिन्छ ।

सबैले कृषि विकासका प्रस्तावनामा कृषिको व्यवसायीकरण, आधुनिकीकरण र व्यापारीकरण गर्ने उद्घोष गरेका छन् तर यो कसरी र किन सम्भव छ बुझाउने लेठो गरेका छैनन् । विडम्बना, सबैले कृषिको आधुनिकीकरणलाई व्यापारीकरणको अर्थमा खाना फलाउने हैन, नाफा फलाउने उद्योगको रूपमा अर्थ्याएका छन् ।

धेरैका घोषणापत्रमा विकासे बीउ र कारखानामा बनाइने कृत्रिम मलले कृषि उत्पादन बढ्ने जिकिर गरिएको छ । मल र विषादीका कारखाना, नपुंसक बीउ नभएर कृषि नपसंको भन्ने भाष्य बनाएका पार्टीहरूले किसानलाई परनिर्भर बनाउने ध्येय राख्छन् भन्न कुनै कठिनाइ छैन । यिनको स्वामित्व किसान भन्दा बाहिर पुऱ्याउने व्यापारीको नाफा कमाउने धन्दाप्रतिको मोह मात्र हो ।

खोज र अनुसन्धान गर्न सघाए, बीउ किसानले आफ्ना खेतबारीमा परीक्षण गरेर उन्नत बनाउँछन् । मल त गोठ र भकारा सुधार गरेर, कम्पोष्ट र अन्य जैविक मल तयार गरेर मात्र सम्भव हुने कुरा हो । यस्ता कारखाना बनाउने नाममा विदेशीको लगानी भित्र्याउने र कृषि क्षेत्रका दलाललाई खुसी बनाउनका लागि हो भने बेग्लै कुरा, नत्र यस्ता बिचौलिया पोस्ने योजनाबाट नेपालको कृषि उन्नत बनाउन सम्भव हुँदैन ।

सबैका घोषणामा भूउपयोग र भूमिसुधारले राम्रै ठाउँ ओगटेको छ । तर पाँच दशकसम्म हुन नसकेको भूमिसुधारको कुरा फेरि पनि गर्नु भनेको सुकुम्बासीको नाममा पुर्जाको ललिपप देखाएर भोट तान्ने कुटिल चाल मात्र हो । यो प्रस्ताव विगतमा सुकुम्बासी, विपन्न र भूमिहीनको भोट तान्न प्रयोग गरिएको यो हतियार भुत्ते भएको थाहा नभएर या अझै पनि भोट किन्ने मानसिकताबाट ग्रसित छ । त्यसैले त सबै पार्टीको मुख्य प्रस्ताव बनेको छ ।

त्यसैगरी भूउपयोग, बाँझो जमिन र चकलाबन्दी सबैका घोषणापत्रमा कुनै न कुनै हिसाबले महत्वका साथ उठाइएका छन् । यी कुनै नयाँ प्रस्ताव हैनन् । जमिन बाँझो भएकै दुई दशक भइसक्यो । यो निरन्तर बढिरहेको छ । यस्तो जमिनको उपयोग गर्न आजसम्म कुनै ठोस योजना नबनाउने धेरैजसो यिनै दल र त्यसका अगुवा हुन् । चकलाबन्दी र भूउपयोग अहिलेसम्म घोषणामै सीमित छन् ।

तीन दशकदेखि शासनसत्तामा रहेका अहिलेका मुख्य पार्टीहरूका घोषणापत्रमा समेत नेपालको कृषि हरित कृषिको बाटो समातेर निरन्तर विषाक्त र आयातमुखी पलायन हुँदै गएको कतै स्वीकार गरिएको छैन । अझ उदेकलाग्ने कुरा त के छ भने कृषि सपार्ने जिम्मेवारी लिएको तर यसमा पूर्णरूपमा असफल कृषि मन्त्रालय र मातहतको संरचना पुनर्गठनको चर्चासम्म कतै छैन ।

धेरैका घोषणापत्रले हराभरा खेतबारीमा रमाउन छाडेर रोजगारी र आम्दानीको खोजीमा दशकौंदेखि खाडी मुलुक भौंतारिन बाध्य युवा किसानको भविष्य सुरक्षित कसरी गर्न सकिन्छ भन्नेमा केही सोचविचार गरेको छैन । उल्टै हाम्रो देशमा किसान धेरै भए भन्दै संख्या घटाउने रणनीति बनाउने आशयका कुरा गरेर यिनले अहोरात्र रगत-पसिना गरेर हाम्रो खानाको बन्दोबस्त गर्ने श्रमजीवी किसानको अपमान समेत गर्न भ्याएका छन् ।

अधिकांश पार्टीका घोषणापत्रमा उल्लेख कृषिका प्रस्ताव कृषि विकास मन्त्रालयको योजना शाखाले प्रस्तुत गर्ने कार्यक्रम भन्दा कुनै पनि अर्थमा उन्नत र स्तरीय छैनन् । उदाहरणका लागि नेपाली कांग्रेस र माओवादीका प्रस्ताव हेर्दा यस वर्ष प्रस्तुत गरेको सरकारको कार्यक्रमलाई आफ्नो घोषणापत्रमा कतै-कतै केरमेट गरी अघि सारेको मात्र देखिन्छ ।

अहिले ४ खर्बको कृषि उपजको आयात भइरहेको छ । यो घटाउने भन्दा निर्यात बढाउने कुरा प्राथमिकतामा छ । खाद्यान्नमा आत्मनिर्भर हुने कुरा प्राथमिकतामा पारेर मात्र हाम्रो स्वाभिमान जोगाउन सकिन्छ । तर छिमेकीले लगेको माटो फिर्ता गर्न भन्दै बनाएको नक्साको स्वामित्व र जस खोज्ने सबैले किसानको माटो जोगाउने कुरा गर्दै नगरेर बुझपचाउनु कस्तो राष्ट्रवाद होला ? सँगै, 'आगामी दश वर्षमा नेपाललाई प्रांगारिक मुलुक घोषणा गरिनेछ' भन्ने २०७४ को वाम गठबन्धनको यो घोषणाबारे अहिलेका माओवादी, एमाले, एकीकृत समाजवादीले के भन्लान् ? मतदाताले पक्कै सोधखोज गर्ने नै छन् ।

समग्रमा, यी सबै घोषणालाई आफ्नो कद अनुसार को भनेर चित्त बुझाउनु बेस होला । धेरैले घोषणापत्रमा आफ्नो औकात भन्दा ठूला कुरा लेखेर आफ्नो कद अझै घटाएका छन् । नेपाली कांग्रेसले तरकारी, फलफूल, माछा, मासु, दूध, मसला एवं औद्योगिक बालीमा आत्मनिर्भर, नगदे बाली र जडीबुटीको निर्यात दोब्बर, खाद्य असुरक्षा सूचकांकमा प्रगति सँगै भूउपयोग नीति अनुसार भूमिको वर्गीकरण र कृषि मल कारखाना स्थापना गरेर नेपालको खाना र खेतीपाती सपार्ने आश्वासन बाँडेको छ ।

माओवादीको घोषणापत्रले उसको स्वभाव जस्तै क्रान्तिकारी छलाङ मारेको छ । किसान पेन्सन, पाँच वर्षमै किसानको आय दोब्बर, किसानलाई उत्पादनका आधारमा अनुदान र वन स्रोतमा आश्रित समुदायलाई वन किसानको घोषणा रोमाञ्चक नै छन् । तर के बिर्सनुहुँदैन भने किसान सुरक्षा र पेन्सनका बारेमा तीन दशकमा दुई दर्जन बढी अध्ययन भएका छन् र सबैभन्दा धेरै यस्ता अध्ययन माओवादीले नै गराएको छ ।

एमालेले कृषिको आधुनिकीकरण गर्न यस पार्टीले गर्न नसक्ने केही देखेको छैन । खेतबारीमा पानी दोब्बर हुन्छ उब्जनी भन्दै तराई मधेशमा सतह र भूमिगत सिंचाइ बढाउने, बिजुलीको महसुल छुट दिने, विदेशबाट फर्किनेलाई सहुलियत ऋण दिने, कृषि उद्यमीका उपजको खरिद, समर्थन मूल्य र कृषि उपज बीमा गर्ने जस्ता औसत बिकाउ वाचा गरेको छ । यस अर्थमा, यसको घोषणा पनि अरू पार्टीका भन्दा खासै भिन्न छैनन् ।

यसको एउटा उदाहरण, 'खेतबारीमा पानी: खाडीमा हैन स्वदेशमै जवानी'को ग्यारेन्टी गरेको छ तर राष्ट्र बैंकले दिएको जस्तो माग्न आएमा भुक्तानी दिने कुरा गरेको एमाले घोषणाले ६० लाख विदेशिएका नेपाली युवा किसानलाई के जवाफ फर्काउला ? सँगै, चुरेलगायत तराई मधेशको वातावरणीय ह्रासले सतह र भूमिगत पानी निरन्तर घटेको छ भन्ने कुरा समेत हेक्का नराखेको यो घोषणाको कार्यान्वयन कसरी होला ?

एकीकृत समाजवादी र अन्य दलहरूले भने हामीले भन्ने मात्र त हो गर्न पर्ने हैन भन्ने ठम्याइसँगै घोषणा गरेका छन् । यस्तो घोषणा केही पार्टीका उम्मेदवारले पनि गरेका छन् । अक्षम सावित भइसकेका यस्ता उम्मेदवारको यी घोषणा उनैका माउ पार्टीका घोषणासँग समेत मेल खाँदैनन् । अहिले कृषि विकासका धेरै कार्यभार स्थानीय सरकारको जिम्मामा लगाइएका छन् । यसलाई नीतिगत तहमा रहेर सघाउनुपर्ने सांसदले विकासका महत्वाकांक्षी योजनाका कुरा गर्नुले उनीहरूको सांसद हुने हैसियत थाहा हुन्छ ।

समग्रमा, यी सबै ढाँटको मानो खाई पत्याउने भनेजस्तै छन् । यी घोषणाले नेपाली कृषिलाई व्यावसायिक बनाउने नाममा नाफा मात्र कमाउने व्यापारिक कृषिको नीति, योजना र कार्यक्रम बनाउँदै सधैंका लागि असफल बनाउन मलजल गरिरहेको देखिन्छ । उच्च लगानीको रसायनमा आधारित कृषिको पक्षपोषण नेपाली कृषि सपार्ने सोचबाट नभई नाफा मात्र कमाउने ठूला व्यापारी र तिनको स्वार्थबाट प्रेरित भएको देखिन्छ । यी घोषणापत्र पाँच वर्षपछि फर्केर हेर्न र टिप्पणी गर्न बाहेक अन्य कुनै प्रयोजनमा आउँछन् भन्न कठिन छ ।

> *खाद्यान्नमा आत्मनिर्भर हुने कुरा प्राथमिकतामा पारेर मात्र हाम्रो स्वाभिमान जोगाउन सकिन्छ । तर छिमेकीले लगेको माटो फिर्ता गर्न भन्दै बनाएको नक्साको स्वामित्व र जस खोज्ने सबैले किसानको माटो जोगाउने कुरा गर्दै नगरेर बुझपचाउनु कस्तो राष्ट्रवाद होला ?*

तर फेरि पनि, यिनै घोषणापत्रका आधारमा निर्वाचित हुने सबै सांसद प्रदेश र संघीय सरकारहरूलाई दिशानिर्देश गर्न दीर्घकालीन र तत्कालीन नीतिनिर्माणमा जिम्मेवार हुनेछन् भने बहुमत ल्याउने पार्टी वा गठबन्धन र तिनका सांसद सदस्यले पाँच वर्ष यी सरकारहरूको नेतृत्व गर्नेछन् । यस अर्थमा यो निर्वाचनमा कस्तो पार्टी र उम्मेदवारलाई मत दिन्छौं भन्ने कुराले आगामी पाँच वर्षमा हाम्रो उन्नतिको मार्गचित्र कस्तो बन्छ भन्ने कुरा निर्क्योल हुन्छ ।

खासगरी जनजीविका, विकास र सुशासनका सवालसँगै खाना र खेतीपातीको बन्दोबस्त गर्ने राज्यको भूमिका निर्वाचित पछि बन्ने सरकारहरूको हुनेछ भने यसको नीतिगत दिशानिर्देश गर्ने भूमिका सबै पार्टी र निर्वाचित सांसदहरूको हुनेछ । यस्तो अहंभूमिका भएका पार्टी र उम्मेदवारले आगामी कार्यकालमा खाना र खेतीपाती उन्नत बनाउन के कस्ता नीति, योजना र कार्यक्रम बनाउँछन् भन्ने कुरामा हामी सबैको चासो छ ।

तसर्थ, खानाका लागि खेतीपाती, जनजीविका र दिगो विकासको दूरदृष्टि भएको उम्मेदवार रोजौं । खाद्यमा आत्मनिर्भरता र तुलनात्मक लाभका कृषि उपजको प्रवर्धनबाट आम्दानी र रोजगारी बढाउने सोच भएको उम्मेदवार खोजौं । कृषि जमिन, किसान र खेतीपातीको नीतिगत, संस्थागत र अभ्यासका समस्या र सवालहरूमा जानकारी, योग्यता र दक्षता भएको, खेतबारीदेखि भान्सासम्म रातोदिन खट्ने किसान दिदीबहिनी र दाजुभाइको अधिकारको रक्षा गर्न प्रतिबद्ध उम्मेदवारलाई मतदान गरौं । रसायन र विषादीरहित खाना, माटो र हाम्रो स्वास्थ्यप्रति सजग र सपार्न प्रतिबद्ध, जलवायु परिवर्तन, पर्यावरण, जनस्वास्थ्य र शिक्षा जस्ता जनसरोकारका सवाल प्राथमिकतामा राख्ने दृढता भएको उम्मेदवारलाई रोजौं । हामीसँग यसको विकल्प छैन । आश गरौं, हाम्रा हैन राम्रा जिताए केही हुन्छ । *साभार:अनलाइनखबर*

# जित्नेलाई भोट दिँदै हारिरहेका नेपाली



महेश्वर आचार्य

दसैंअघि चाबहिलको एक चिया पसलमा एक जना ज्येष्ट नागरिक आक्रोशित हुँदै ठूलो स्वर मा भन्दै थिए ! 'यी दलहरूले देश उँभो लाउँदैनन् बरु बेच्छन् । यिनीहरूले धर्म बेचे अब देश बेच्दैछन् । एमसीसी अरे, एसपीपी के जाती अरे,नागरिकता विधेयक अरे, यिनी सप्पै देश बेच्न सुरु गरेका प्रमाण हुन् ।' छेउमै बसेका एक जना अधबैंसे पुरुष उनलाई सोध्दै थिए। 'चुनावमा कसलाई भोट दिने त बा ?' ज्येष्ठ नागरिकले गर्वका साथ भने 'जसलाई हालिन्छ जित्नेलाई हालिन्छ ।' 'जित्नेलाई हालेर के गरे र बा अहिलेसम्म ? तपाई धर्म बेचे, देश बेचे पनि भन्नुहुन्छ फेरि तिनैलाई भोट दिने कुर ो गर्नुहुन्छ ? धर्म र देश जोगाउने हो भने त अब र ाजेन्द्र लिङ्देनको हलोमा हाल्नु पर्छ' ती पुरुषले सल्लाह दिए । 'हलोले जित्दैन, भोट देर पनि क्यार्नु ?' ती नागरिकले जवाफ दिए । भक्तपुर स्थायी घर भएका मेरा एक मित्र वर्तमान राजनीतिक प्रवृत्तिप्रति वाक्क छन् । राजनीतिक कमजोरीका कारण देशले फड्को नमारेको हो भन्दै उनी बारम्बार कुर्लिरहेका हुन्छन् । यद्दपि प्रसङ्ग जुरेको बेला मैले अब आउने चुनावमा कसलाई भोट हाल्ने त मित्र भनेर सोध्छु, उनको उत्तर हुन्छ 'भोट त सूर्यलाई नै दिनुपर्छ ।' अन्य उम्मेदवार नयाँ छन् जित्दैनन् र जिते पनि गरि खाँदैनन् भन्ने उनको तर्क हुन्छ ।

दाङ निवासी मेरा एक मित्र जो विगतमा माओवादीसँग आवद्ध थिए । हाल स्वयं उनी नै माओवादीको प्रवृत्तिप्रति सन्तुष्ट छैनन् र दिनमा करिब ५ वटा राजनीतिक चरम असन्तुष्टिका स्टाट्स सामाजिक सञ्जालमा पोष्ट गर्दछन् । दसैंमा भेट्दा मैले सोधेँ 'यो पालि भोट कसलाई त मित्र ?' उनले मुन्टो निहुराए, फेरि माथि हेरे र लामो सास फेरेर भने 'भोट त हथौडाभन्दा अन्त जाँदै जान्न त बुड्डा, म के गरु तँ ?'

चितवन स्थायी घर भई काठमाडौंमा बस्ने मेरी एउटी सहकर्मीको पनि उत्तर सुनौं । उनी देशको अत्यन्त माया गर्छिन् । उनका केही लेख रचनाहरू पनि विभिन्न पत्रपत्रिकामा प्रकाशित हुन्छन् । सबैमा उनको देशप्रतिको माया र राजनीतिक असन्तुष्टि झल्किने गर्दछ । उनलाई एकदिन झुट बोल्न नमिल्ने गरी बडो भूमिका मिलाएर मैले सोधे 'यसपाली त रुखलाई भोट हाल्दैनौ होला नि ?' उनको उत्तर पनि उत्साहजनक थिएन । पहिले त उनले भोट हाल्न चितवन नै जाँदिन, चुनाव बहिष्कार गर्छु भनिन । मैले त्यो त समाधान होइन नि भनेर सम्झाएपछि मतदान केन्द्रमा छिरेपछि आफ्नो हात रुखमा बाहेक अन्त कतै नजाने कुरा राखिन् । मैले त्यसो हो भने अब देशको चिन्ता गर्न र लेख रचना लेख्न छाडिदेउ भनेर सल्लाह दिएँ । उनले भनिन् । 'एमाले र माओवादीलाई म मरिगए भोट दिँदैन अरू साना दललाई, स्वतन्त्रलाई देर मात्र हुन्च र जित्नु पर्दैन र ?' उनले प्रतिप्रश्न गरिन् 'हार्नेहरूलाई भोट दिएर क्यार्नु के दाइ अफ्नो अमूल्य मत खेर गएन र ?'

उनको उत्तरले म झस्किँए शिक्षित र लेख रचनाबाट अरुलाई जागरुक गराउनेहरूको व्यवहार त यस्तो बनिबनाउ सिद्धान्तमा चलेको छ भने समस्याको जड कसले पत्ता लगाउने ? हामी नेतालाई मात्र गाली गरिरहेका छौं तर समस्या हामी आँफैसँगै छ । माथिका केहि प्रतिनिधि पात्र मात्र हुन् । मेरा यस्ता स -साना साक्षात्कारहरूमा अधिकांस जनजिब्रोमा झुण्डिएको बनिबनाउ भनाई थियो 'हार्नेलाई किन हाल्ने ? आफू त जित्नेलाई नै भोट हालिन्छ ।' केही मानिसले भने आफूलाई जन्मजात कांग्रेस, जन्मजात एमाले र जन्मजात माओवादी भएकोमा गर्व गरेको पनि पाइयो। यद्दपि चुनावमा गर्व गर्दै भोट माग्न हिंडेकाहरू चुनाव पछिका ५ वर्ष तिनै आफूले भोट मागेका नेतालाई सरापेर समय व्यतित गरेको पनि पाइयो । उनीहरूमा पनि आफूले जित्ने दम्भ हुन्छ, भोट त जित्नेलाई मात्र हाल्नुपर्छ भन्दै हिड्छन् उनीहरू ।

यो देशमा न म हार्नसक्छु तर हारको पनि केही मूल्य हुन्छ भन्ने खालका उम्मेदवार भेटिन्छन्, न त हार्नेलाई भोट दिन तयार कोही जनता भेटिन्छन् । यो कस्तो अचम्म 'हार' भन्ने शब्द कसैले पनि मन नपराउने रहेछन् । सायद सधैँ हारेकाले होला । यद्दपि कहिलेकाहीँ अल्पकालमा हार्दा दीर्घकालमा जित्ने सम्भावना र हन्छ । यो सम्भावनाको अवमूल्यन गर्नु हुँदैन । हामीले त जित्ने दललाई भोट दिँदै आएका छौं यद्दपि देशले हारिरहेको छ । कुशासन, भ्रष्टाचार , चरम असन्तुलित वैदेशिक ऋण, चरम असन्तुलित वैदेशिक आयात, चरम अन्तराष्ट्रिय हस्तक्षेप, बेर ोजगारी , जनशक्ति पलायन, पूँजी पलायन, र ाज्यको अनावश्यक खर्च, (काम न काजको सेतो हात्ती संघीयता- प्रदेश संरचना), धर्म संस्कृतिको विनाश, आयातित धर्मको अतिक्रमण, राष्ट्रघाती सन्धि सम्झौताहरू, नातावाद, परिवारवाद र श्रीमतीवाद आदि इत्यादि । यति भैसक्दा पनि देशले हारेको नमान्ने हामी नेपाली धेरै कठोर छौं ।

जित्नेलाई मात्र भोट दिने हो भने त कांग्रेस, एमाले, माओवादी, मधेशवादी लगायत यिनै ३-४ वटा दलहरूले मात्र आजीवन पालैपालो वा मिलिजुली सत्ता हाँक्ने निश्चित छ । पहिलेदेखि चिनेजानेको उमेदवार नै जिताउने हो भने त नयाँ कहिल्यै आउन नसक्ने पक्का छ । सधैँ वृद्ध भत्ता खाने उमेरका नेताहरूको दबदबा रहने निश्चित छ । यिनीहरूको कार्यसम्पादनमा चित्त बुझाउन पनि नसक्ने नयाँलाई चुन्न पनि नसक्ने यसरी परिवर्तन आउँदैन । यो विरोधाभास व्यवहार हो, आत्मघाती कदम हो ।

कुनै कम्पनीले कर्मचारी आवश्यकता भन्दै विज्ञापन माग्दा अनुभवी हुनुपर्ने सर्त राख्यो भनेर हामीले आलोचना गर्दछौं । अवसर नै नदिएपछि कसरी अनुभवी बनिन्छ भनेर प्रश्न गर्दछौं । तर भोट दिँदा चाहिँ यही आफ्नो विचारको हेक्का राख्दैनौं । परिवर्तन चाहने हो र पुरानाबाट असम्भव देखिएको हो भने नयाँलाई अवसर दिनुपर्छ भनेर हामीले कहिले बुझ्छौं ?

हामी भोट नै नदिने अनि नयाँले कसर ी जितुन् ? कसरी यी पुराना दलहरूको सिण्डिकेट अन्त्य होस् र वैकल्पिक राजनीतिक शक्तिको उदय होस् ? शक्तिको उदय होस् ? गत स्थानीय तहको चुनावमा काठमाडौं महानगरपालिका, धरान उपमहानगरपालिका लगायत केही स्थानका जनताले विवेक पुर्याएका छन् । जसले यो जकडिएको अँध्यारो समाजमा केही प्रकाशका किरणहरू छर ेका छन् । परिवर्तन चाहनेले ती मतदाताबाट सिक्नुपर्दछ । परिवर्तन एकै पटक हुँदैन, सुरुवात यसैगरी हुने हो । यो क्रममा वृद्धि तथा निरन्तरता मात्र भए पुग्छ । आउँदो चुनावमा साना दल तथा स्वतन्त्रबाट १५-२० जनामात्र संसद् सिंहदरबार छिरे भनेपनि उनीहरूले सकारात्मक तरङ्ग ल्याउन सक्छन । जस्तो अहिले बालेन शाह र हर्क साम्पाङ्गले गर्दैछन् । प्रमुख कुरा त उनीहरूविना सरकार नै बन्दैन । यहाँ एक सिटे संसद्लाई त सर कार निर्माणको बखत खोसाखोस हुन्छ भने १५-२० जनाको मूल्य ठुलो हुन्छ । करिब २-३ वटा मन्त्रालयमा यी नवआगन्तुकले पाए भने उनीहरूले केही गरेर देखाउन सक्छन् । गर्न दिएनन भने प्रधानमन्त्रीको भण्डाफोर गरेर सरकार छोड्न सक्छन् । यो कुरा जनताले नोट गर्नेछन र आगामी चुनावमा यी नवआगन्तुकको झन् राम्रो परिणाम देखिनेछ ।

समाजको सुक्ष्म अध्ययन गर्दा अब नेता होइन जनता सच्चिन तयार हुनुपर्ने देखिन्छ । सच्चिन तयार नहुनेहरूले वर्तमान राजनीतिक प्रवृतिको आलोचना गर्ने नैतिकता रहँदैन । जे हुँदैछ र हुनेवाला छ ताल बजाएर बस्नुपर्छ । आफैँद्वारा सृजित परिस्थितिको दोष दल र नेतालाई मात्र थोपर ेर आफू पानी मुनिको ओभानो बन्न मिल्दैन । देशले त हारिरहेको छ नै , हामी स्वयं पनि हार्दै छौं । हामीहरू वर्तमान राजनीतिक प्रवृतिबाट सन्तुष्ट छैनौं र हाम्रा न्यूनतम आवश्यकताहरू पनि यी नेता तथा व्यवस्थाले पूर्ति गर्न सकिरहेका छैनन् भने हामीले हारेको स्वत पुष्टि हुन्छ । भोट त जित्नेलाई नै दिएको हो नि १ फेरि किन हारै हार ? आउने चुनावमा वास्तविक जितको सूत्र पहिल्याउन सकौं, शुभकामना ।

*साभार: इकागज*

# नेपाली मूलकी परिजिताले जितिन् 'द भ्वाइस'को नकआउट राउण्ड



नेपाली मूलकी १७ वर्षिया परिजिता बास्तोलाले अमेरिकी गायन रियालिटी शो 'द भ्वाइस' को नकआउट राउण्ड जितेकी छन् । कोच जोन लिजेन्डको तर्फबाट प्रस्तुति दिएका भालारी हार्डिङ र पेटन एल्ड्रिजलाई हराउँदै उनले नकआउट राउण्ड जितेकी हुन्। परिजिताले नकआउट राउण्डमा एट्टा जेम्सको 'आई वुड न्यादर गो ब्लाइन्ड' बोलको गीत गाएकी थिइन्। राम्रो प्रस्तुति दिएको भन्दै कोच जोनले तीन जनामध्ये उनलाई छनोट गरेका हुन् ।

परिजिताले ब्याटल राउण्डदेखि नै कोचहरूको मन जितिरहेकी छन्। सानो उमेरमै राम्रो प्रस्तुति दिन सक्ने भन्दै कोचहरूले उनको तारिफ गरिरहेका छन् । उनले ब्लाइन्ड अडिसन गायक ल्याब्रिन्थको 'जेलस' बोलको गीत गाउँदै चारै जना कोचको कुर्सी घुमाएकी थिइन् भने ब्याटल राउण्डमा द मेरिलाइन्ड अन द बी गीजका दुई युवतीसँग डुअल प्रस्तुति दिएका थिए । उनीहरू तीनै जनाले 'हाउ डीप इज योर लभ' बोलको गीत गाएका थिए । जसमा परिजिताले उत्कृट्ट प्रस्तुति दिएकी थिइन्।गायन रियालिटी शो 'द भ्वाइस' अमेरिकाको एनबिसी टेलिभिजनबाट प्रसारण भइरहेको छ । *-सेतोपाटीबाट*

# चितवन-३: सत्ता गठबन्धनको कार्यक्रममा कुर्सी खाली, विकास कोइरालाकोमा हल खचाखच



चुनाव नजिकिँदै गर्दा चितवन कांग्रेसको विवाद पनि थप छताछुल्ल हुँदै गइरहेको छ । सत्तारूढ गठबन्धनसँगको सिट बाँडफाँट, बागी उम्मेदवारी र यसअघि नै गरिएका कारबाहीलगायत विषयले कांग्रेसका जिल्ला नेताहरूमात्र होइन कार्यकर्ताहरू पनि विभाजित देखिएका छन् ।

त्यसको पछिल्लो झल्को बुधबार चितवन कांग्रेसका पूर्वसभापति विकास कोइरालाले आयोजना गरेको चियापानमा देखिएको छ । बुधबार चितवन क्षेत्र नम्बर ३ मा सत्तारूढ गठबन्धनका उम्मेदवारहरूको प्रतिबद्धतापत्र सार्वजनिक गर्ने कार्यक्रम थियो । उक्त कार्यक्रममा कांग्रेस कार्यकर्ताहरू नगन्य संख्यामा उपस्थित भए । भरतपुरमा भएको उक्त कार्यक्रमको हलमा केही कुर्सी खाली नै थिए ।

उता, पूर्वसभापति कोइरालाले आयोजना गरेको चियापान तथा अन्तर्क्रिया कार्यक्रममा भने खचाखच मान्छे थिए । हलमा ठाउँ नपुगेर मानिसहरू बाहिरै उभिनु परेको थियो । कार्यक्रमलाई सम्बोधन गर्दै पूर्वसभापति कोइरालाले चितवनमा 'जय नेपाल' भन्न पनि डराउनुपर्ने अवस्था आएको बताए ।

२०७० सालको संविधानसभाको निर्वाचनमा चितवन क्षेत्र नम्बर ४ बाट तत्कालीन पार्टी सभापति सुशील कोइरालाविरूद्ध बागी उम्मेदवारी दिएपछि कोइराला कारबाहीमा परेका थिए। कांग्रेसले उनको साधारण सदस्यता खारेज गरेको थियो ।

कोइरालाले चियापान तथा अन्तर्क्रियाको आयोजना गरेपछि जिल्ला सभापति राजेश्वर खनालले विज्ञप्ति जारी गर्दै नेपाली कांग्रेसको रेकर्डमा कोइराला पूर्वसभापति नरहेको भन्दै ८ जना पूर्वसभापतिहरुको सूची सार्वजनिक गरेका थिए ।

बुधबार दिउँसो सयौं कांग्रेस कार्यकर्ता सहभागी भएको कार्यक्रमलाई सम्बोधन गर्दै कोइरालाले जिल्ला समितिले २०७६ सालमै कारबाही फिर्ता गर्न सिफारिस गरिसकेको अवस्थामा पार्टी सभापतिले समन्वय गर्नुपर्नेमा अन्यथा गरेको भन्दै दु:खेसो गरे ।

उनले भने, 'विकासले जय नेपाल भन्न पनि नपाउने जस्तो भयो । अब के के भन्न पाउने हो, के नपाउने हो । कहाँ कहाँ हिँड्न पाउने हो, कहाँ नपाउने, के के गर्न पाउने, के गर्न नपाउने, खान के पाउने, के नपाउने हो सबै कुरो लेखेर दिए हुन्छ । म मानिदिउँला ।'

उनले पार्टीले गरेको कारबाही भोग्दै गर्दा पनि नेतृत्वको निर्णयलाई सधैं मान्दै आएको बताए । तर, पार्टीले आफूसँगै कारबाही गरेका धेरैको कारबाही फुकुवा गरेर टिकट दिइसक्दा पनि आफ्नो फिर्ता नलिएर अन्याय गरेको बताए । 'पार्टी सभापतिविरूद्ध उम्मेदवारी दिएवापत मैले कारबाही भोगें । तर, उपनिर्वाचनमा कांग्रेसका उम्मेदवार रामकृष्ण घिमिरेलाई सहयोग गरें । पछि माओवादीका उम्मेदवारलाई सहयोग गर्नुपर्‍यो भन्यो नेतृत्वले त्यो पनि मानें', उनले भने, 'तर नेतृत्वले मैले कारबाहीअघि पार्टीमा गरेको योगदानलाई मेट्न चाह्यो ।'

उनले आफूले चाहेको अवस्थामा माओवादी, एमाले जुनसुकै पार्टीमा जानसक्ने भएपनि कांग्रेसप्रतिको मायाले छाड्न नसकेको बताए । अब पनि जिम्मेवारी नदिए चुप लागेर नबस्ने भन्दै उनले भने, 'अब कि मलाई जिम्मेवारी देऊ, नभए म पार्टी नेतृत्वले भनेको मानेर पछाडि लागेर हिँड्दिनँ । इमान्दारी तरिकाले दिएको जिम्मेवारी फत्ते गरेर छाड्छु ।'

कोइरालालाई कांग्रेसले कारबाही गरे पनि चितवन कांग्रेसभित्र उनको राम्रो प्रभाव छ । उनले आयोजना गरेको कार्यक्रममा देखिएको कांग्रेसका नेता तथा कार्यकर्ताको उपस्थितिले पनि पार्टीभित्र उनको प्रभाव स्पष्ट देखाउँथ्यो ।

चितवन-३ मा गठबन्धनका साझा उम्मेदवार माओवादी केन्द्रका भोजराज अधिकारीविरूद्ध नेपाली कांग्रेसका तीन जना बागी उम्मेदवारहरू छन् । पार्टी निर्णयको बिरोधमा दिनेश कोइराला, पूर्वसांसद् जगन्नाथ पौडेल र क्षेत्रीय प्रतिनिधि तारा पौडेलले स्वतन्त्र उम्मेदवारी दिएका छन् । कोइरालालाई नेकपा एमालेले सहयोग गर्दैछ ।

चितवन-३ मा कांग्रेसका बागीहरू गठबन्धनका लागि टाउको दुखाइको विषय बनिरहेको समयमा कोइरालाको सक्रियतासँगै कांग्रेस चितवनको जिल्ला समिति नै दुई पक्षमा विभाजित देखिएको छ । कार्यकर्ताहरू पनि जिल्ला नेतृत्वको पक्ष र विपक्षमा विभाजित बनेका छन् ।

# रोहिणीमा बृहत् खुल्ला कुस्ती प्रतियोगिता सुरु



बुटवल- रुपन्देहीको रोहिणी गाउँपालिका वडा नम्बर ३ स्थित धकधईमा मंगलबारदेखि बृहत् खुल्ला कुस्ती (दंगल) प्रतियोगिता सुरु भएको छ । रोहिणी गाउँपालिकाको आयोजनामा श्री राम नरेश यादव आदर्श नमूना माध्यमिक विद्यालयको खेल प्रांगणमा सुरु भएको प्रतियोगितामा नेपाल र भारतका पहलमानको सहभागिता रहेको छ ।

प्रतियोगिताको उद्घाटन गर्दै गाउँपालिकाका अध्यक्ष विद्याप्रसाद यादवले लोप हुन लागेको कुस्ती खेलको संरक्षणका लागि प्रतियोगिता आयोजना गरिएको बताए । उनले खेलकुद क्षेत्रको विकासलाई गाउँपालिकाले प्राथमिकतामा राखेको बताए ।गाउँपालिकाका प्रवक्ता तथा वडा नम्बर ३ का वडाअध्यक्ष वीरबहादुर क्षेत्रीले युवाहरूलाई प्रोत्साहन गर्न र तराई-मधेशमा लोकप्रिय कुस्ती खेलको संरक्षणका लागि प्रतियोगिताको आयोजना गरिएको बताए । उनले भने, 'लोप हुन लागेको कुस्तीको संरक्षणका लागि पाँच लाख बजेट विनियोजन गरी गाउँपालिकाले प्रतियोगिता आयोजना गरेको छ ।'प्रतियोगितामा प्रथम हुनेलाई रु. १ लाख १ हजार १ सय ११, द्वितीय हुनेलाई ५० हजार ५ सय ५५, तृतीयलाई २५ हजार २ सय २५ र सान्तत्वनालाई १५ हजार १ सय २५ रुपैयाँ प्रदान गरिने उनले जानकारी दिए । उनले भने, 'निर्णायकको निर्णयअनुसार पहलमानहरूलाई प्रोत्साहनवापत साइकल र टेलिभिजनको व्यवस्था गरिएको छ ।' गाउँपालिकाले आयोजना गरेको कुस्ती प्रतियोगिता खेलाडीहरूलाई प्रोत्साहन गर्ने पर्सा जिल्लाबाट आएका पहलमान राज यादवले बताए ।

रोहिणी गाउँपालिकाका प्रवक्ता वीरबहादुर क्षेत्रीको अध्यक्षता, गाउँपालिका अध्यक्ष विद्याप्रसाद यादवको प्रमुख आतिथ्यता, योजना शाखा प्रमुख राजकुमार मिश्राको स्वागत तथा पत्रकार पशुपति यादवको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो । प्रतियोगिता बुधबारसम्म सञ्चालन हुनेछ ।

# थाहाका वडामा प्रचार कमिटी

साझाकुरा संवाददाता

हेटौंडा, १६ कात्तिक/ मकवानपुरमा बामगठबन्धन निर्वाचनको तीव्र तयारीमा लागेको छ । सत्ता गठबन्धनले निर्वाचन तयारीअनुरुप आफ्नो अभियानलाई जिल्ला, स्थानीय तह हुँदै वडा तहसम्मै विस्तार गरेको छ ।

जिल्लाको उत्तरी क्षेत्रस्थित थाहा नगरपालिकाको वडावडामा गठबन्धनले निर्वाचन प्रचार कमिटी गठन गरेर निर्वाचन अभियानलाई तीव्रता दिएको हो । थाहा नगरस्तरीय प्रचारप्रसार समितिका सचिव तथा नेकपा माओवादी केन्द्र थाहा नगर सचिव लक्ष्मण विष्टका अनुसार थाहा नगर पालिकाको वडा नम्बर ३ मा राष्ट्रिय जनमोर्चाको थाहा नगर अध्यक्ष दिनेश विष्टको संयोवकत्वमा ३७ सदस्यीय प्रचारप्रसार कमिटी गठन भएको हो । वडा नम्बर ४ मा नेपाली कांग्रेस वडा सभापति श्रीकृष्ण केसीको संयोजकत्वमा ४१ सदस्यीय प्रचारप्रसार कमिटी गठन भएको छ ।

कमिटीको सहसंयोजकमा नेकपा माओवादी केन्द्रका वडा अध्यक्ष जमिन दियाली र नेकपा (एकीकृत समाजवादी)का घनश्याम बल रहेका छन् । यसैगरी, वडा नम्बर ५ मा नेकपा माओवादी केन्द्रका सुमन वाईवाको संयोजकत्वमा १९ सदस्यीय, वडा नम्बर ९ मा नेकपा माओवादी केन्द्रका नगर कमिटी सदस्य सञ्जय बलामी संयोजक र नेपाली कांग्रेसका सानु जिम्बा लामा सहसंयोजक रहने गरी ५१ सदस्यीय प्रचारप्रसार कमिटी गठन भएको छ । वडा नम्बर १० मा नेपाली कांग्रेस वडा सभापति कूलचन्द्र अर्यालको संयोजकत्वमा ३१ सदस्यीय प्रचारप्रसार कमिटी गठन भएको छ ।

कमिटीको सह संयोजकमा नेकपा माओबादीका रामकृष्ण गोपाली, सचिवमा एकीकृत समाजवादीका सिद्धिबहादुर घर्तीमगर रहेका छन् । वडा नम्बर ११ मा नेपाली कांग्रेस वडा सभापति सुमन गोलेको संयोजकत्वमा १३ सदस्यीय र १२ मा जयबहादुर स्याङ्तान संयोजक र राजु गोले सहसंयोजक रहने गरी १३ सदस्यीय प्रचारप्रसार कमिटी गठन भएको छ । बाँकी रहेका वडाहरुमा १७ कात्तिकदेखि प्रचारप्रसार कमिटी गठन हुने बाम-लोकतान्त्रिक गठबन्धनको थाहा नगर निर्वाचन प्रचारप्रसार कमिटीका संयोजक प्रमोदकृष्ण जोशीले बताए ।

# सिङ्तान एमाले त्यागेर माओबादीमा प्रवेश

साझाकुरा संवाददाता



हेटौंडा, १६ कात्तिक/ मकवानपुरको भीमफेदी गाऊँपालिका ३ का नेकपा एमाले नेता बाबुलाल सिङ्तान नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्रमा प्रवेश गरेका छन् । जसले ब्यबस्था बदल्यो, उसैले अबस्था बदल्छ भन्दै नेता सिङ्तानले एमाले परित्याग गरी माओवादी केन्द्रमा प्रबेश गरेका हुन् ।

नेता सिङ्तानले भन्नुभयो- 'जुन ब्यबस्था बदल्नको लागि कम्युनिष्ट आन्दोलनमा लागियो त्यही आन्दोलनको दमनकारीलाई टिकट बेच्ने दलबाट अब जनताले परिवर्तनको आशासम्म पनि गर्नु बेकार छ ।' गाऊँमा बिभेदको अन्त्य गर्दै हालको समाज रुपान्तरणमा माओवादीको भूमिका निर्णायक भएको भन्दै उनले अब जनताको अबस्था पनि यही दलले बदल्ने विश्वासका साथ पार्टी प्रवेश गरेको जनाए ।

सिङ्तानलाई स्वागत गर्दै नेकपा माओबादी केन्द्रकी नेता एबम् मकवानपुर क्षेत्र नम्बर १ (क) को सत्ता गठबन्धनकी साझा उम्मेदवार कुमारी मोक्तानले जनताको आशा र भरोसा मर्न नदिने प्रतिबद्धता ब्यक्त गरिन् । हालसम्म आफूहरुले जितेर राज्य ब्यवस्था परिवर्तन भैसकेको बताउँदै अब अवस्था परिवर्तन गर्ने माओवादी केन्द्रको घोषणा रहेको समेत प्रष्ट पारे ।

# केही व्यक्ति पैसा खर्च गरेर मलाई हराउन लागि परेका छन्: *खतिवडा*



हेटौंडा, १६ कात्तिक/ सत्तारुढ गठबन्धन मकवानपुरको प्रतिनिधिसभा क्षेत्र नम्बर २ का उम्मेदवार बिरोध खतिवडाले आफूलाई हराउँन केही व्यक्ति पैसा खर्च गरेर लागि परेको आरोप लगाएका छन् ।

हेटौंडा उपमहानगर पालिका वडा नम्बर ११ मा गठबन्धनको संयुक्त निर्वाचन परिचालन कार्यालय उद्घाटन गर्दै खतिवडाले यस्तो आरोप लगाएका हुन् । खतिवडाले एमालेसँग विद्रोह गरी प्रतिगमनविरुद्धको लडाइमा लागेका एकीकृत समाजवादीका अध्यक्ष माधव नेपालसहित आफूलाई चुनावमा जसरी पनि हराउनुपर्छ भनेर केही व्यक्ति लागिपरेको बताए । 'विरोध र माधवलाई जसरी पनि यो चुनावबाट हराउँनुपर्छ भनेर केही मान्छे लागि परेको सुनेको छ ।', खतिवडाले भने, 'एमालेका अध्यक्ष केपी ओलीबाट दश करोड रुपैंया बुझेर केही मान्छे मलाई हराउँन लागेका छन् अरे ।' खतिवडाले आफूलाई हराउने एमाले अध्यक्ष ओली जति पनि खर्च गर्न तयार छन् भन्ने सुन्नमा आएको बताए । 'पैसा बुझेर हराउन लागेकाहरु मेरा गोप्य कुरा तथा कमजोरी पत्ता लगाउन खटिएका छन् भन्ने सुनेको छु ।' खतिवडाले भने । खतिवडाले मकवानपुरमा आफूहरु गठबन्धनका उम्मेदवार रहेकाले कांग्रेस, माओवादीका मतदाताहरुलाई भ्रममा नपर्न आग्रह गरे । 'कतै काँग्रेस त कतै माओवादी केन्द्रबाट उम्मेदवार छैनन् भनेर भ्रमहरु छरिएको छ ।' खतिवडाको भनाइ छ, 'हामी शेरबहादुर, प्रचण्ड र माधव नेपालको नेतृत्वमा बनेको गठबन्धनको साझा उम्मेद्वार हौं ।' उम्मेदवार खतिवडाले प्रतिनिधीसभा क्षेत्र नम्बर २ मा एमालेबाट निर्वाचित झण्डै आधा दर्जन वडाअध्यक्ष आफ्नो चुनावी प्रचारमा लागिसकेका दोहोर्‍याए । 'गत स्थानीय तहको चुनावमा एमालेको सूर्य चिन्हबाट चुनाव जितेका आधा दर्जन वडाअध्यक्ष मेरो चुनावी प्रचार मा लागिसके ।' खतिवडाले भने, 'उनीहरुको नाम भनौं भने अरिङ्गालले मुख सुन्निने गरी हान्लान् ।' खतिवडाले ती वडाध्यक्षहरुको नाम अहिले भन्दिँदा उनीहरुमाथि असुरक्षा हुने बताए ।

यस्तै, निर्वाचन क्षेत्र नम्बर २ को प्रदेशसभा (क) का उम्मेदवार कुमारी मोक्तानले सरकारमा रहँदा आफ्नो क्षेत्रको विकासका लागिसके जति काम गरेको चर्चा गरिन् । 'मैले आफ्नो क्षेत्रका लागि सके जति काम गरेको छु ।' मोक्तानले भनिन्, 'सुरुमा एमालेका डोरमणि पौडेल मुख्यमन्त्री भएका बेला मेरा क्षेत्रका लागि मैले अघि सारेका योजनाहरु पर्नै नदिए पनि अहिले गठबन्धनको प्रदेश सरकारबाट हामीले सके जति काम गरेका छौं ।' प्रदेश सरकारको सामाजिक विकास मन्त्रीसमेत रहेकी मोक्तानले आफू यही समुदायको छिमेकी छोरी भएकाले आफूलाई पुन: प्रदेशसभामा विजयी बनाएर पठाउन आग्रह गरिन् । 'गठबन्धनका विषयमा छरिएका अनावश्यक भ्रम नपत्याउनु होला ।' मोक्तानले नागरिकमाझ प्रष्ट पारिन्, 'गठबन्धनबाट उम्मेदवार बनेका तपाईहरुको घरदैलोमा आइपुगेका हामी साझा उम्मेदवार हौं । हामी सबै विजयी हुनेछौं ।'

कार्यक्रममा गठबन्धन मकवानपुरका संयोजकसमेत रहेका नेपाली कांग्रेस मकवानपुरका सभापति बुद्ध लामाले एमाले अहिले पनि अध्यक्ष केपी ओलीको नेतृत्वमा प्रतिगमन फर्काउन षड्यन्त्रभ इरहेको टिप्पणी गरे । 'अहिले पनि केपी ओलीको नेतृत्वमा देशमा प्रतिगमन फर्काउन षडयन्त्र गरिँदैछ । त्यस्ता षड्यन्त्र असफल तुल्याउनका लागि गठबन्धन गरी हामी चुनावमा होमिएका हौं ।' नेता लामाले मकवानपुरमा विरोध खतिवडा, कुमारी मोक्तान पनि नेपाली कांग्रेसकै उम्मेद्वार भएकाले मतदातामाझ भ्रम छरिएमा नअलमलिन आग्रह समेत गरे ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

साझाकुरा

*"तपाई हामी सबैको कुरा"*

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।



वेबसाइडमा: www.sajhakuranews.com सर्च गर्न नभुल्नुहोला ।
साझाकुरा वेवसाइटमा सजिलै पढ्न सकिने छ ।

# बृद्धभत्ता राज्यको सम्मान हो, एमालेले चुनावी नारा बनाउनु अपमान: डीना

साझाकुरा संवाददाता

हेटौंडा, १६ कात्तिक/ नेपाली कांग्रेस केन्द्रीय सहमहामन्त्री एवम् गठबन्धनको तर्फबाट मकवानपुर क्षेत्र नम्बर १ को प्रतिनिधिसभा सदस्य पदको उम्मेदवार महालक्ष्मी उपाध्याय डीनाले मकवानपुरको विकास र समृद्धिका लागि पनि गठबन्धनका उम्मेदवारले जित्न जरुरी रहेको बताइन् ।

बुधबार हेटौंडा १५ मा रहेको दिव्यसेवा निकेतन जेष्ठ नागरिक आश्रय स्थल पुगेर उनले यस्तो बताएकी हुन् । गठबन्धनले जिते मात्रै ज्येष्ठ नागरिकको उचित सम्मान हुने उनले बताइन् । एमालेले ज्येष्ठ नागरिकलाई सधैं बृद्धभत्तासंग जोडेर चुनावी नारा बनाउने गरेको भन्दै उनले राज्यले गर्ने सम्मानलाई चुनावी नारा बनाएर अपमान गर्न नहुनेमा जोड दिइन् । उनले ज्येष्ठ नागरिकलाई सम्मानित र स्वस्थ जीवन बाँच्ने अधिकारको सुनिश्चित गर्नु आफ्नो मुख्य एजेण्डा रहेको बताइन् । 'संविधान निर्माणको क्रममा ज्येष्ठ नागरिक र महिलाको अधिकारको लागि हस्ताक्षर गर्ने महिला हुँ', उनले थपिन्, 'यहाँ संविधान नै नमान्ने र पटक-पटक संविधानमाथि प्रहार गर्नेहरु मिलेर अनेक फोस्रा नारा र झुटा आश्वासन लिएर चुनावी मैदानमा आएका छन् । त्यस्तालाई चिन्नु र बहिष्कार गर्नु जरुरी छ ।' मकवानपुरको विकास र समृद्धिका लागि पनि गठबन्धनका उम्मेदवारले जित्न जरुरी रहेको उनको भनाइ थियो । करिब ४ वर्ष आफ्नै पार्टीको प्रधानमन्त्री र बागमती प्रदेशको मुख्यमन्त्री हुँदा देखिने काम गर्न नसक्नेहरु फेरि अनेक नारा लिएर भोट माग्न आएको उनको आरोप थियो ।



यसैगरी, गठबन्धनको तर्फबाट मकवानपुर क्षेत्र नम्बर १ को प्रदेशसभा 'ख' का उम्मेदवार आनन्दराम पराजुलीले आफूहरु गठबन्धनको साझा उम्मेदवार भएकोले चुनावपछि पनि साझा भएरै काम गर्ने प्रतिबद्धता जनाए । गठबन्धनका उम्मेदवारहरु सत्तारुढ नेपाली काँग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा (एस), जनमोर्चालगायत दलको साझा भएकोले सबैको साझा भएरै काम गर्ने प्रतिबद्धता जनाएका हुन् । 'संविधान पक्षधरहरु अहिले पवित्र उद्देश्यले गठबन्धनसहित चुनावी अभियानमा छौं । संसद्, संविधान र लोकतन्त्र मास्न खोज्नेहरु पनि एक भएर आएका छन्, अब वास्तविक देशभक्त र लोकतन्त्रवादी शक्ति छुट्याउनुपर्ने बेला आएको छ', उनले भने, '२०६२/६३ को आन्दोलनमा दमन गर्ने, राजा फर्काउँछु भन्ने र प्रतिगामी तत्वलाई परास्त गर्नु आवश्यक छ ।' जनतामाझ जाने कुनै एजेण्डा नै नभएपछि एमालेका नेता कार्यकर्ता तथा उम्मेदवार अहिले गठबन्धन भाँड्न र अनेक भ्रम फैलाउन लागि परेको पराजुलीले बताए ।

'कांग्रेसले कांग्रेसलाई सहयोग गर्दैन, गठबन्धन दलको नेता कार्यकर्ताको बीचमा एकता छैन, एउटा पार्टीका कार्यकर्ताले अर्को पार्टीका उम्मेदवारलाई भोट हाल्दैन भन्ने भ्रम छरेको पाइएको छ', उनले भने, 'यी सब भ्रम हुन् । गठबन्धनमा कुनै समस्या छैन । मकवानपुरको ६ वटै पदमा गठबन्धनका उम्मेदवारको जीत सुनिश्चित रहेको छ । मतान्तर बढाउने काममा लाग्नु जरुरी छ ।' कार्यक्रममा कांग्रेसका नगर सचिव हर्करत्न लामा, दीव्यतारा बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष डा. गणेश बल लामालगायतको आतिथ्यता थियो ।

# उत्तरी क्षेत्रमा बर्तौलाको विकास एजेण्डा

साझाकुरा संवाददाता

हेटौंडा, १६ कात्तिक/ मकवानपुरको प्रतिनिधिसभा क्षेत्र नम्बर २ मा एमालेका युवा उम्मेदवार महेशकुमार बर्तौलाको व्यस्तता बढेको छ ।

उनले २ नम्बर क्षेत्रको थाहा नगरपालिका, इन्द्रसरोबर र कैलाशसम्मका विकासलाई समेट्ने गरी बर्तौलाले गाउँगाउँ पुगेर विकासका एजेण्डा प्रस्तुत गरेका हुन् । बर्तौलाले सडक, पर्यटनदेखि वर्षात्मा खोलाबाट प्रभावित क्षेत्रलाई सुरक्षित राख्नेसम्मका विकास योजना कार्यान्वयन गर्ने प्रतिबद्धता जनाएका छन् । एमाले बागमती प्रदेशका उपसचिवसमेत रहेका बर्तौलाले थाहा नगरको फेदीगाउँ-फाँटबजार बस्ती बचाउन विशेष योजना बनाएर काम गर्ने वाचा गरेका छन् । थाहा-१ फाँटबजारमा एमाले वडा कमिटीको आयोजनामा भएको कार्यक्रमलाई सम्बोधन गर्दै उनले जबजब स्थानीयले चुनाब जिते त्यतिबेला मात्रै विकास भएको इतिहास रहेको बताएका छन् ।

दामन, पालुङ, चित्लाङ, भीमफेदी र कैलाश जोडेर पर्यटनको योजना बनाएर करिडोर निर्माण गर्न आफूले भूमिका खेल्ने बर्तौलाको भनाइ छ । उत्तरी क्षेत्रमा बसोबास गर्ने नेवारी समुदायको कला सँस्कृति, साहित्यको संरक्षण गर्न र यसको माध्यमबाट पर्यटन विकास गर्ने तथा यहाँका जनताको चुलोमा समृद्धि ल्याउने उनले बताए । थाहा भन्नासाथ तरकारी पकेट क्षेत्र भनेर चिनिने भएकोले तरकारीको बेमौसमी खेती, बजार, मल बिउमा आफूले देखिने गरेर काम गर्ने बताए । २० वर्ष सांसद् भएका बिरोध खतिवडाले सदनमा चन्द्रागिरी सडकको विरोध गरेको र जनताको बिचमा मैले गरेको भनेर भ्रम छरेको आरोपसमेत उनले लगाए ।

बर्तौलाले थाहा नगर पालिकाको डाँडाबासदेखि मनहरी सम्मको सडकलाई प्राथमिकतामा राखेर काम गर्ने वाचा गरेका छन् । उनले आफू प्रतिनिधिसभामा निर्वाचित भएमा डाँडाबास-डाँडाखर्क हुँदै मनहरी जोड्ने सडकलाई प्राथमिकतामा राखेर काम गर्ने प्रतिबद्धता जनाए । मकवानपुरको घर्तिखोलाबाट, डाँडाबास हुँदै डाँडाखर्क, भार्ताबाट मनहरी सडक स्तरोन्नति गर्न आफूले महत्वपूर्ण भूमिका खेल्ने बर्तौलाको भनाइ छ । यही सडक खण्डको गोगने कालिकाटार खण्ड जोड्ने सडक पनि स्तरोन्नति गर्ने बताए । कैलाशमा हाल माध्यमिक तह अध्ययन गर्न भौगोलिक तथा वर्षाका कारण समस्या रहेको भन्दै पालिकास्तरीय एक आवासीय विद्यालय निर्माण गर्ने प्रतिबद्धता जनाए ।

कार्यक्रममा प्रदेशसभा सदस्य निर्वाचन क्षेत्र २ को (क)का उम्मेदवार विष्णुप्रसाद ढकालले आफूहरु संघ र प्रदेशको उम्मेदबार दुबै जना स्थानीय अर्गानिक उम्मेदबार रहेको बताए । उनले रुपचन्द्र विष्टको सम्झना गर्दै थाहाले विष्टपछि पहिलोपटक असल र इमान्दार उम्मेदवार पाएको बताउँदै दुबै जना स्थानीय उम्मेदवारलाई मत दिएर जिताउन आग्रह गरे । कैलाश गाउँपालिकामा भएको कार्यक्रममा एमालेका प्रदेशसभा क्षेत्र नम्बर-२ को (ख) का उम्मेदवार लालबहादुर थापाले एमालेले यो निर्वाचन जितेपछि अहिले पाउँदै गरेको ४ हजार सामाजिक सुरक्षा भत्ता बढाएर ५ हजार पुऱ्याउने बताए ।

# जनताको सेवा गर्न म संसद्मा जान खोजेको हो: श्रेष्ठ

हेटौंडा/नेकपा एमाले मकवानपुर क्षेत्र नं-१ को 'ख' का उम्मेदबार एकालाल श्रेष्ठले जनताको सेवा गर्नको निमित्त आफू संसद्मा जान खोजेको बताएका छन् ।

बुधबार नेकपा एमाले निर्वाचन परिचालन कमिटी, हेटौंडा-५ को आयोजनामा भएको जनसंगठनका अगुवा कार्यकर्ता भेलालाई सम्बोधन गर्दै श्रेष्ठले यस्तो बताएका हुन् ।



उनले आफू भत्ता खान र नेता बन्न संसद्मा जान नखोजेको भन्दै जनताको सेवा गर्नका लागि उम्मेदवारी दिएको बताए । एमाले जिल्ला अध्यक्षसमेत रहेका श्रेष्ठले पार्टीमा अनेक संकट आउँदा उभिएको र हेटौंडाको विकासको निमित्त सँधै आवाज उठाउँदै आएको बताए । उनले स्थानीय तहमा जस्तो कुनै पनि कमजोरी नगरी कार्यकर्ताहरुलाई मतदान शिक्षादेखि ओली सरकारले गरेका राम्रा कामको प्रचार गर्न आग्रह गरे । यसपटक चुनाव जित्ने धेरै आधारहरु भएको भन्दै वर्तमान अवस्थाबाट जनतालाई बचाउन सके चुनाव जित्ने निश्चित भएको श्रेष्ठको भनाइ थियो ।

# युवा समितिका अध्यक्षहरुको अभिमुखीकरण

हेटौंडा, १६ कात्तिक/ हेटौंडामा बागमती प्रदेशका १३ वटै जिल्लाका युवा समिति अध्यक्षहरुको एक दिवसीय अभिमुखीकरण कार्यक्रम भएको छ ।

राष्ट्रिय युवा परिषद्को आयोजनामा बुधवार आर्थिक वर्ष २०७९/०८० का लागि वार्षिक कार्यक्रमको अभिमुखीकरण कार्यक्रम भएको हो । राष्ट्रिय युवा परिषद्का उपाध्यक्ष सुरेन्द्र बस्नेतले कार्यक्रमको उद्घाटन गरे । उनले स्वरोजगार मूलक काममा युवाहरुलाई अभिप्रेरित गर्नुपर्नेमा जोड दिए । बाहिरी देशहरुले युवा तथा खेलकुदलाई विशेष महत्व दिंदै आएको बताउँदै बस्नेतले पछिल्लो समयमा नेपालले पनि युवा तथा खेलकदुलाई महत्व दिएको दाबी गरे । युवा नीतिलाई फराकिलो बनाएर लैजानु पर्नेमा जोड दिएका छन् । परिषद्ले लिएको युवा नीति तथा योजनाको लक्ष्य पूरा गर्न बजेटको अभाव रहेको बताए । प्राप्त स्रोत र साधनले युवाका क्षेत्रमा प्रभावकारी कार्य गर्नुपर्ने उनको भनाइ छ ।

बागमती प्रदेश युवा परिषद्का उपाध्यक्ष सन्तोष चौलागाईले देशको युवा शक्तिलाई उत्पादनसँग जोड्नुपर्ने बताए । युवालाई स्वरोजगार बनाउने र युवा परिचालन गरेर उत्पादकत्व बृद्धि गर्ने नीति कार्यान्वयन गर्नुपर्ने बताए । जिल्ला युवा समिति मकवानपुरका अध्यक्ष शिवहरि दाहालले स्वागत गरेको कार्यक्रममा प्रदेशको युवा तथा खेलकुद मन्त्रालयका सचिव ध्रुव गैडा, राष्ट्रिय युवा परिषद्का चन्द्रा थापा, गंगादेवी न्यौपानेको आतिथ्यता थियो ।


## वार्षिक साधारणसभासम्बन्धी सूचना

यस सहकारी संस्थाको २६ औं वार्षिक साधारणसभासम्बन्धी कार्यक्रम निम्न मिति, समय र स्थानमा हुने व्यहोराको पत्र सम्पूर्ण शेयर सदस्य महानुभावहरुलाई पठाइसकिएको छ । कारणवश पत्र प्राप्त नभएको भए यसै सूचनालाई आधार मानी उक्त गरिमामय साधारण सभामा उपस्थितिको लागि सम्पूर्णमा हार्दिक अनुरोध गरिन्छ ।

**मिति** : २०७९ साल कात्तिक १९ गते, शनिबार
**स्थान** : यूनिटी भिलेज पार्टी प्यालेस, हेटौंडा-९
**समय** : बिहान १०:०० बजेदेखि ३:०० बजेसम्म ।

**नारायणी बहुउद्देश्यीय सहकारी संस्था लि.**
हेटौंडा-९, मकवानपुर

## हार्दिक बधाई तथा शुभकामना



यस संघका सल्लाहकार श्री दीलिशगोविन्द जोशीज्यू मकवानपुर उद्योग वाणिज्य संघको अध्यक्ष सल्लाहकार पदमा मनोनित हुन सफल हुनुभएकोमा हार्दिक बधाईसहित कार्यकाल पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं ।

**पवन कुमार अग्रवाल (अध्यक्ष) एवम्**
**मकवानपुर अधिकृत बिक्रेता व्यवसायी संघ, परिवार**

## वार्षिक साधारणसभासम्बन्धी सूचना

यस सहकारी संस्थाको मिति २०७९ भाद्र १० गते बसेको सञ्चालक समितिको निर्णय अनुसार यस संस्थाको २३ औं वार्षिक साधारणसभासम्बन्धी कार्यक्रम निम्न मिति, समय र स्थानमा हुने गरी तय गरिएको हुँदा यहाँहरुको अनिवार्य उपस्थितिको लागि हार्दिक आमन्त्रण गरिन्छ ।

*सम्बन्धित सदस्य अनिवार्य परिचय पत्रसहित स्वयम् उपस्थित हुनुपर्नेछ ।*

**मिति** : २०७९ साल कात्तिक १९ गते, शनिबार
**स्थान** : श्री नवज्योति मा.वि.को प्राङ्गण
**समय** : बिहान १०:०० बजेदेखि
**नोट:** साधारण सभामा उपस्थिति हुने शेयर सदस्यहरुलाई बैठक भत्ता वापतको रकम रु.१००० मा कर कट्टा गरी खातामा जम्मा गरिनेछ । साथै ६ महिनासम्म बचत नगर्ने तथा ऋण नतिर्ने सदस्यहरुलाई बैठक भत्ता उपलब्ध हुने छैन ।

शेयर सदस्यका छोराछोरी SEE मा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीहरुले आफ्नो मार्कसिटको फोटोकपी २०७९ कात्तिक १५ गतेसम्म संस्थामा उपलब्ध गराउनुपर्नेछ ।

**हेटौंडा बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
हेटौंडा-७, नागस्वती, मकवानपुर
सम्पर्क: ०५७-५३०४३६, ४१३४३५, ५३०५३८, ५९१४३६

## हार्दिक बधाई तथा शुभकामना



यस एशोसिएसनका अध्यक्ष **श्री दीलिशगोविन्द जोशीज्यू** मकवानपुर उद्योग वाणिज्य संघको **अध्यक्ष सल्लाहकार** पदमा मनोनित हुन सफल हुनुभएकोमा हार्दिक बधाईसहित कार्यकाल पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं ।

**विष्णुगोपाल महर्जन (वरिष्ठ उपाध्यक्ष) एवम्**
**होटल एशोसिएसन मकवानपुर, परिवार**

## नारायणी यातायात व्यवसायी संघका सदस्य महानुभावहरुमा
## अत्यन्त जरुरी सूचना

यस संघको ३५ औं वार्षिक साधारणसभा तपसिल अनुसारको विषयमा छलफल हुने गरी निम्न मिति, समय र स्थानमा हुन गइरहेकोले उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ ।

**छलफलका विषयहरु:**
१. आ.व.२०७७/०७८ र आ.व.२०७८/०७९को वार्षिक प्रतिवेदन
२. आ.व.२०७७/०७८ र आ.व.२०७८/०७९को आय-व्यय
३. लेखा परीक्षकको नियुक्ति
४. विविध

**कार्यक्रम:**
मिति : २०७९/०७/२६ गते, शनिवार
समय : विहान ९:०० बजे
स्थान : हेटौंडा पार्टी प्यालेस (क्लब हेटौंडा)
हेटौंडा-४, मकवानपुर

सरोजकुमार खनाल
महासचिव
**नारायणी यातायात व्यवसायी संघ**




**गोर्खाली ट्रेड एण्ड सप्लायर्स**
हेटौंडा-४, रजतजयन्ती, फोन: ९८०२९००३१६, ९८०२६३१६६४

## HETAUDA CITY HOSPITAL PVT.LTD.

*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

**प्रोपाईटर**: बिनोद शाही ☎ ९८४५०२२५३१, ९८१७२२४३६२








साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना